बैठक संख्या ५७ मिति २०७७०७०२

आज मिति २०७७०७०२ गतेका दिन दिउसो २.०० वजे यस देवघाट गाउँपालिकाका अध्यक्ष श्री दुर्ग बहादुर थापाज्यूको अध्यक्षतामा देवघाट गाउँकार्यपालिकाको बैठक वस्यो ।

उपस्थिति

| नाम थर | पद |
|---|---|
| १. श्री दुर्ग बहादुर थापा | गा.पा. अध्यक्ष |
| २. श्री बिमला थापा | गा.पा. उपाध्यक्ष |
| ३ श्री नरहरि सापकोटा | सचिव ( प्रमुख प्रशासकीय अधिकृत) |
| ४. श्री भीम बहादुर गुरुङ | १ नं वडाध्यक्ष |
| ५. श्री पोल बहादु आले | २ नं वडाध्यक्ष |
| ६. श्री कृतिमान आले | ३ नं वडाध्यक्ष |
| ७ श्री पदम बहादुर गुरुङ | ४ नं वडाध्यक्ष |
| ८. श्री याल बहादुर गुरुङ | ५नं वडाध्यक्ष |
| ९. श्री चन्द्र प्रकाश वि.क. | गा.का.पा. सदस्य |
| १०. श्री रत्न बहादुर बोटे | गा.का.पा. सदस्य |
| ११. श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| १२. श्री भोगीमाया राना | गा.का.पा. सदस्य |
| १३. श्री अनिता गुरुङ | गा.का.पा. सदस्य |
| १४. श्री यम माया गुरुङ | गा.का.पा. सदस्य |

कर्मचारी उपस्थिति

श्री उमानाथ ढकाल लेखा अधिकृत

श्री गोविन्द प्रसाद पौडेल, अधिकृत

देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय देवघाट, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७३

## देवघाट गाउँपालिका

**बैठक संख्या ५७** **मितिः २०७७/०७/०२**

**प्रस्तावहरु:**

१. नदीजन्य पदार्थ (ढुङ्गा गिट्टी, बालुवा, रोडा र ग्राभेल) को संकलन, बिक्री वितरण तथा ओसार पसारको ठेक्का लगाउनको लागि विभिन्न खोला/नदीका घाट, बगरको प्रारम्भिक वातावरणिय परीक्षण प्रतिवेदन तयार गर्ने सम्बन्धमा ।

२. सुन्तला लगायतका फलफूल र गाउँपालिका क्षेत्रबाट अन्य स्थानमा निर्यात हुने वस्तु तथा सामाग्रीहरुको स्थानीय वातावरण संरक्षण शुल्क/स्थानीय सेवा शुल्कको दर र दायरा निर्धारण गर्ने सम्बन्धमा ।

३. सडक मर्मत सम्भार कोषमा रहेको रकम रु. ३० लाख बाट व्यय भार हुने गरी कार्य भएका सडक खण्डहरु र सो बापतको रकमको सूची तयार गरी नपुग रकम कोषमा व्यवस्थापन गर्ने सम्बन्धमा ।

४. गाउँपालिकाको लागि स्वीकृत १० शैय्याको अस्पताल निर्माण गर्ने कार्य प्रक्रियाको सम्बन्धमा ।

५. बेरोजगार व्यक्तीको निवेदन छानबिन गरी ई.एम.आई.एस. मा सूचिकृत गर्ने सम्बन्धमा ।

६. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनाको सशर्त अनुदान (५१७x१००x१००) ५१ लाख ९२ हजार र गाउँपालिकाको लागत सहभागिता २५ लाख अन्तर्गतका योजनाहरुको कार्यान्वयन सम्बन्धमा ।

७. एकिकृत सामाजिक परिचालन कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ स्वीकृत सम्बन्धमा ।

८. अर्गानिक मोडेल कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ स्वीकृत सम्बन्धमा ।

९. स्वरोजगार उद्यम विकास कोष सञ्चालन नियमावली, २०७४ संशोधन सम्बन्धमा ।

१०. सहकारी संघ/संस्थालाई अनुदान प्रदान गर्ने कार्यविधि, २०७७ स्वीकृत सम्बन्धमा ।

११. देवघाट २ दरैटार निवासी मिन बहादुर थापाको लागि आर्थिक सहयोग सम्बन्धमा ।

**निर्णयहरु:**

१. चालु आर्थिक वर्षमा नदीजन्य पदार्थ (ढुङ्गा गिट्टी, बालुवा, रोडा र ग्राभेल) को संकलन, बिक्री वितरण तथा ओसार पसारको ठेक्का लगाउनको लागि तपशिल बमोजिमका खोला/नदीका घाट, बगरको प्रारम्भिक वातावरणिय परीक्षण प्रतिवेदन (IEE) तयार गरी प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

| क्र.सं. | नदिको नाम | घाटको नाम | वडा नं. | कैफियत |
|---|---|---|---|---|
| **क)** | **त्रिशुली नदी** | | | |
| १ | | भुवनटार | ५ | ४ |
| २ | | सेतीभतेरी | ५ | |
| ३ | | बबई | ५ | |
| ४ | | गाईघाट | ४ | |
| **ख)** | **सेती नदी** | | | |
| १ | | मास्दीघाट - १ | २ | ९ |
| २ | | मास्दीघाट – २ | २ | |

दुर्ग बहादुर थापा
अध्यक्ष

नरहरि सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ३ | | ङाल्दीघाट – २ | ३ | |
| ४ | | ङाल्दीघाट – ३ | ३ | |
| ५ | | साराङ्घाट | ३ | |
| ६ | | माथिल्लो आईलिम घाट | ४ | |
| ७ | | तल्लो आईलिम घाट | ४ | |
| ८ | | माथिल्लो चामन घाट – १ | ४ | |
| ९ | | तल्लो चामन घाट - २ | ४ | |
| **ग)** | **कालीगण्डकी नदी** | | | |
| १ | | कालीभेतेरी | ५ | ११ |
| २ | | साँढेबगर | ५ | |
| ३ | | बालुवाश्वाँरा घाट | १ | |
| ४ | | कोठी घाट | १ | |
| ५ | | वर्षाखोला कालिकाटार घाट | १ | |
| ६ | | सिद्धिखोला घाट – १ | १ | |
| ७ | | सिद्धीखोला घाट – २ | १ | |
| ८ | | चापखोला घाट | १ | |
| ९ | | दरङ्खोला घाट | २ | |
| १० | | चिन्डेखोला घाट | २ | |
| ११ | | छेरङ्गाखोला घाट | २ | |
| | | जम्मा | | २४ |

२. देवघाट गाउँपालिका अन्तर्गत उत्पादन हुने स्थानीय उत्पादनहरुलाई देहाय बमोजिमको स्थानीय उत्पादनको संकलन तथा बिक्री प्रयोजनका लागि स्थानीय वातावरण संरक्षण शुल्क बापतको रकम उठाउने निर्णय गरियो ।

| | |
|---|---|
| क) पशु चौपाया | प्रति गोटा रु. २०.०० |
| ख) फलफूल (सुन्तला, जुनार, कागती) | प्रति के.जी. रु. ०.५० |
| ग) अदुवा | प्रति के.जी. रु. ०.५० |

३. यस वर्षको अविरल वर्षाको कारण देवघाट गाउँपालिका क्षेत्र अन्तर्गत निर्माण भई सञ्चालनमा आएका विभिन्न सडकका विभिन स्थानहरुमा ठुलो मात्रामा क्षति हुन गई यातायात आवागमन हुन नसकेको अवस्थामा मर्मत सम्भारको काम शिघ्र अगाडी बढाई सहजता ल्याउनको लागि यस वर्ष गरेका र अब गर्नुपर्ने निम्नानुसारका क्षेत्र, स्थानमा मर्मत सम्बन्धी कामहरु अगाडी बढाउने र सो को भुक्तानीको सम्बन्धमा वार्षिक स्वीकृत बजेट र कार्यक्रम मध्ये मर्मत सम्भार कोष अनुदानमा विनियोजित रुकम रु. ३० लाख बाट व्ययभार हुने गरी खर्च गर्ने तथा नपुग रकमको हकमा आगामी गाउँ सभाको बैठकबाट आवश्यक पर्ने बजेट छुट्टयाई/विनियोजन गरी भुक्तानी गर्ने निर्णय गरियो । ।

क) सिंच्याङ्ग गाईघाट तारजाली वडा नं. ४ खर्च रु. ४,८७,९६०.२४

ख) वडा नं. ५ देउपुर देउती खोलाबाट वडा नं. २ छेरङ्गा खोलासम्म बाटो मर्मत खर्च रु. ४,९६,३८२.९१

ग) मास्दि खाल्टे बाटो मर्मत वडा नं. २ खर्च रु. ३,५३,२९२.७४

घ) वडा नं. ५ भित्री मार्ग मर्मत खर्च रकम रु. २,३७,५२१.९९

ङ) काफलडाँडा गाईघाट मोहोरिया आमडाँडा पहिरो सरसफाई खर्च रकम रु. ४,८८,४७७.११

च) दुईघरे आइलिम चोकबाट आईलिम सिंच्याङ्ग चारघरे मोटर मार्ग खर्च रु. ४,०६,७८७.५४

छ) देउपुर देउतीखोला सडक मर्मत वडा नं. ५ रु. ४,००,०००.००

ज) देउपुर कोटा खण्ड शालिग्राम करिडोर पछिल्लो मर्मत वडा नं. ५, ४, १ रु. ५,००,०००.००

झ) कोटा खाल्टे खण्ड पछिल्लो मर्मत वडा नं. १, २ (लागत स्टिमेट कायम हुने रकम)

ञ) गाईघाट छिपछिपे सानोभञ्ज्याङ्ग मार्ग वडा नं. १, ३ ४ (लागत स्टिमेट कायम हुने रकम)

ट) मोहोरिया आमडाँडा वडा नं. ४ (लागत स्टिमेट कायम हुने रकम)

ठ) वडा नं. ३ अन्तर्गतको भित्री सडक मर्मतका लागि एकमुष्ठ लागत स्टिमेट रकम रु. ४,७१,४००.००)

- सुन्तला मार्ग वडा नं. ३ रु. १,१५,०००.००
- भृकुटी मार्ग वडा नं. ३ रु. १,८४,०००.००
- दगरा मार्ग वडा नं. ३ रु. ८१,६५०.००
- फिदिमश्वाँरा मार्ग वडा नं. ३ रु. ३४,५००.००
- गोगनघारी मार्ग वडा नं. १७,२५०.००
- करङ्गश्वाँरा मार्ग वडा नं. ११,५००.००
- हल्डुङ्ग मार्ग वडा नं. रु. १७,२५०.००
- वाटक मार्ग वडा नं. रु. १७,२५०.००

ड) वडा नं. ५ अन्तर्गतको भित्री सडक मर्मतका लागि एकमुष्ठ लागत स्टिमेट रकम रु. २,५०,०००.००)

- कालिमाटी - गौरीटार मार्ग वडा नं. ५
- झारखानी - कमलादेवि मन्दिर मार्ग
- भर्जनखोला चोक - घुम्ती चोक मार्ग वडा नं. ५
- सानु क्यूँदी खोला मार्ग वडा नं. ५
- मूल सडक - चापागाई मन्दिर जाने मार्ग वडा नं. ५
- वडा कार्यालय - वसन्तपुर मार्ग वडा नं. ५
- मुक्तिनाथ मार्ग वडा नं. ५
- साइराम चोक – राम मन्दिर जाने मार्ग वडा नं. ५
- मूल सडक – देउती सामुदायिक भवन मार्ग वडा नं. ५
- महेश आश्रम कम्पाउण्ड पछाडि - टाउनचोक जाने मार्ग वडा नं. ५

ढ) वडा नं. १ अन्तर्गतको भित्री सडक मर्मतका लागि एकमुष्ठ लागत स्टिमेट रकम रु. २,०९,०००.००)

- गोपीटार मार्ग वडा नं. १
- वर्षाखोला मार्ग वडा नं. १
- कालिकाटार शहिदचोक झो.पु. मार्ग वडा नं. १
- शालिग्राम करिडोर (पावरहाउस – कोटा खण्ड) वडा नं. १

- ठुलो चौतारा – कोठी जाने मार्ग वडा नं. १
- वडा कार्यालय जाने मार्ग वडा नं. १

४. स्वास्थ्य मन्त्रालयबाट देवघाट गाउँपालिका वडा नं. ५ स्थित देवघाट स्वास्थ्य चौकीको स्तरोन्नतीका लागि १० शैय्याको अस्पताल भवन निर्माणका लागि बजेट विनियोजन भएकोमा हाल देवघाट स्वास्थ्य चौकी रहेको स्थानमा अस्पताल निर्माणको लागि डिपिआरको प्रक्रिया अगाडी बढाउने निर्णय गरियो

५. चालु आ.व २०७७/०७८ का लागि निवेदन दर्ता गराएका ३२५ जना मध्ये सम्बन्धित वडा कार्यालय र रोजगार सेवा केन्द्रले आवश्यक छानबिन गर्दा रित पुर्वक निवेदन दिएका ५८ महिला र २२५ पुरुष गरी कुल २८३ जना बेरोजगार व्यक्तिलाई ई.एम.आई.एस. मा दर्ता गरी सूचिकृत गर्ने निर्णय गरियो ।

६. योजना तर्जुमा प्रक्रिया अनुसार छनौट भएका च.नं. २३३ मिति २०७७/०३/३१ को पत्र बमोजिम श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई जानकारी पठाइएका कार्यक्रमहरु कार्यान्वयन गर्न सूचिकृत बेरोजगार व्यक्ति मध्ये प्राथमिकिकरणका आधारमा सशर्त अनुदानमा तोकिए बमोजिम श्रमिकको ज्याला रकम प्रति दिन ५१७/- कायम हुने गरी कार्यान्वयन गर्ने । साथै वडा नं. २ को रोजगारमुलक तालिम तथा आय आर्जन, जनहित टोल देवघाट-२ (रु. ३ लाख) योजना संशोधन गरी श्रममुलक योजना श्री सर्वोदय आधारभूत विद्यालय देवघाट-२ को पहिरो जोखिम नियन्त्रण गर्न ग्याविन जाली लगाउने (रु. ३ लाख) कार्यान्वयन गर्ने । गाउँपालिका अन्तर्गतको २५ लाख लागत सहभागिताको रकमले निर्माण सामाग्री खरिद गर्नु पर्ने भएकोले प्राविधिक ईष्टिमेटका आधारमा सार्वजनिक खरिद प्रक्रिया बमोजिम खरिद गरी सम्बन्धित योजना कार्यान्वयन स्थलमा पुर्याउन सहजिकरण गर्ने । साथै काममा खटिएका बेरोजगार व्यक्तिको बैंक खाता मार्फत भुक्तानी गर्नुपर्ने व्यवस्था भएकोले सबै वडाहरुको बैंक खाता खोल्न सहजिकरण गर्न सिद्धार्थ बैंक देवघाट शाखालाई अनुरोध गर्ने निर्णय गरियो ।

७. देवघाट गाउँपालिका विधायन समितिबाट सिफारिस एकिकृत सामाजिक परिचालन कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ स्वीकृत गर्ने निर्णय गरियो ।

८. देवघाट गाउँपालिका विधायन समितिबाट सिफारिस अर्गानिक मोडेल कृषि कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ स्वीकृत गर्ने निर्णय गरियो ।

९. स्वरोजगार उद्यम विकास कोष सञ्चालन नियमावली, २०७४ संशोधन स्वीकृत निर्णय गरियो ।

१०. देवघाट गाउँपालिका विधायन समितिबाट सिफारिस सहकारी संघ/संस्थालाई अनुदान प्रदान गर्ने कार्यविधि, २०७७ स्वीकृत गर्ने निर्णय गरियो ।

११. देवघाट २ दरैटार निवासी मिन बहादुर थापाको घर आगलागीबाट पूर्ण रुपमा क्षति भएकोले तत्काल रुपमा त्रिपाल १ थान र मेट्रेस १ थान उपलब्ध गराइएकोमा सो अनुमोदन गरी विपद व्यवस्थापन कोषबाट राहत सहयोग रु. १५,०००.०० दिने निर्णय गरियो ।

दुर्गा बहादुर थापा
अध्यक्ष

हरिहर सापकोटा
प्रमुख प्रशासकीय अधिकृत